का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १५८

❐ ८ साउन २०७८, शुक्रबार

❐ 23 July 2021, Friday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# चेतावनी दिँदै, फिर्ता लिँदै

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बरिष्ठ नेता माधवकुमार नेपाल समूहलाई आम माफी दिएको घोषणा गरेका छन् । स्पष्टिकरण सोध्ने, कारबाही गर्ने र फेरि फिर्ता लिने ओलीको लगभग नियति नै बनेको छ ।



नेकपाका संस्थापक पुष्पलाल श्रेष्ठको ४३औँ स्मृति दिवसमा बिहीबार आयोजित कार्यक्रममा एमालेका अध्यक्ष केपी ओली । तस्वीर: रासस

> ओलीले तीन पटक स्पष्टिकरण सोधे र तीनैपटक पछि हटेका थिए । ओलीले १६ र १९ चैत, १६ वैशाख र १० जेठमा स्पष्टिकरण सोधेका थिए । १२ जेठमा त माधव नेपाल सहित एघार जनालाई निष्काशन गरेका थिए भने १२ जनालाई स्पष्टिकरण सोधेका थिए ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत लिने सांसदहरुलाई कार्बाही गर्ने प्रयोजनका निम्ति बोलाइएको नेकपा एमालेको केन्द्रीय कमिटी बैठक अन्ततः बिहीबार स्पष्टिकरणपत्र समेत फिर्ता लिने निर्णय गरेर सकिएको छ । सोमबार शुरु भएको बैठकबाट अध्यक्ष ओलीले बरिष्ठ नेता माधवकुमार नेपाल समूहलाई कार्बाही गर्ने तयारी अन्तर्गत भएको थियो । त्यसै योजना अनुसार, बैठकको पहिलो दिन नै स्पष्टिकरण समेत सोधियो ।

तर, बिहीबार बैठक अन्त्य हुनु अगाडि ओलीले आम माफी दिएको घोषणा गरे । उनले बाटो बिराएका माधवसमूहलाई आममाफी दिने बताएका थिए । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४३औं स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा ओलीले आममाफी दिने बताए । केन्द्रीय कमिटी बैठक सकिनु अगाडि मात्रै ओलीले यस्तो बताएका थिए ।

"पुष्पलालबाट प्रेरणा लिऔँ, महान् विचार कार्यान्वयन गर्न एक जुट होऔँ, पद र स्वार्थका कुरा छाडौँ, देशका कुरा गरौँ, एकताका कुरा गरौँ" ओलीले भने, "बाटो बिराएका र भड्किएकालाई आममाफी भयो ।" पार्टी एकतालाई आग्रह गर्दै ओलीले भने, "आउनोस् मिलेर काम गरौँ, यस आन्दोलनलाई मजबुत गरौँ, एकजुट भएर जाउँ ।" यसअघि विभिन्न चरणका पार्टीको आचारसंहिता र विधि उल्लङ्घन गरेको भन्दै एमालले केहीलाई कारवाहीको घोषणा गरेको, तर पुष्पलालको स्मृतिका अवसरमा पार्टी अध्यक्ष ओलीले सबैलाई आममाफी दिने घोषणा गरे ।

"म सङ्गठनको प्रमुख हुँ, तर साथीहरू मलाई कु गर्दैछन्, कहिले अध्यक्षबाट हटाउने भन्छन्, केहीले साधारण सदस्यबाटै हटाउने भन्छन्", ओलीले भने । फुटको बाटोमा लागेर पतनतिर जान नहुने र पुष्पलालले रोपेको बिरुवालाई सानोतिनो हावा हुन्डरीले केही असर नपार्ने जिकिर गरे । अध्यक्ष ओलीले आफूलाई कुनै पनि आन्दोलले हल्लाउन नसकेपछि अदालतबाट परमादेशको सहारा लिएको दावी गरे ।

प्रधानमन्त्री देउवालाई विश्वासको मत दिएपछि ओलीले नेता नेपाल सहित २२ जनालाई स्पष्टिकरण सोधेका थिए । स्पष्टिकरण सोधिएका सवैलाई पार्टीबाट हटाउनुपर्ने माग फ्लोरबाट समेत उठ्यो । तर ओली आफैं पछाडि हटे । यो बीचमा कुनै सहमति भएन । बरु, कार्यदलका सदस्य रहेका शंकर पोखरेलले चर्को रुपमा नेता नेपालको विरुद्धमा अभिव्यक्ति दिए । यसको जवाफमा माधव नेपाल समूहका केही नेताहरुले पनि बोले । अर्थात् प्रधानमन्त्री पद गुम्नुको प्रमुख कारण माधव नेपाल भएकाले कुनै हालतमा उनलाई नराख्ने निर्णयबाट ओली आफै पछि हटेका छन् ।

यसअघि पनि ओलीले तीन पटक स्पष्टिकरण सोधे र तीनैपटक पछि हटेका थिए । ओलीले १६ र १९ चैत, १६ वैशाख र १० जेठमा स्पष्टिकरण सोधेका थिए । १२ जेठमा त माधव नेपाल सहित एघार जनालाई निष्काशन गरेका थिए भने १२ जनालाई स्पष्टिकरण सोधेका थिए । अहिलेसम्म कुनैपनि स्पष्टिकरणको अर्थ ओलले सावित गर्न सकेका छैनन् । जसरी संसद् विघटन र अध्यादेशहरुबाट गरेका निर्णय उल्टिएको छ, त्यसैगरी पार्टीभित्र पनि स्पष्टिकरण सोध्ने र फिर्ता लिने बाध्यतामा ओली देखिएका छन् ।

# उपेन्द्र समूह उत्साहित

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

सत्ता समर्थनको विषयमा विवाद भएपछि विभाजित जनता समाजवादी पार्टी (जसपा) को विवाद निर्वाचन आयोगले टुंग्याउने आधार प्रस्तुत गरेको छ । आयोगले सनाखतका लागि स्वयं उपस्थित हुन जसपाको कार्यकारिणी समिति सदस्यहरुलाई बोलाएको छ । कार्यकारिणी समितिका सदस्यहरुको बहुमतको आधारमा वैधानिकता विवाद टुंग्याउनेगरी सनाखतका लागि बोलाइएको छ ।

जसपाको विवाद निरुपणका लागि आयोगले गठन गरेको इजलास गठन गरेको थियो । दल एकीकरण हुँदाका बखत प्रस्तुत कागजात सहित उपस्थित हुन आग्रह गरिएको छ । निर्वाचन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार, जसपाको विवाद निरुपण गर्न आयोगले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि सहित साउन ११ गते बिहान ११ बजे आयोगमा उपस्थिन हुन आग्रह गरेको छ ।

जसपा नेपालको आधिकारिकता सम्बन्धी विवादबारे निर्वाचन आयोगमा दुवै पक्षको दाबी बहस बिहीबार सकिएको थियो । आयोगको इजलासमा पार्टीको आधिकारिकता माथि दाबी गर्दै जसपा अध्यक्ष महन्थ ठाकुर पक्षबाट आठ जना र उपेन्द्र यादव पक्षबाट छ जनाले बहस गरेका थिए ।

पार्टीको आधिकारिकता दाबी गर्दै जसपाको अध्यक्ष



> निर्वाचन आयोगले जनता समाजवादी पार्टी (जसपा) को वैधानिक विवाद कार्यकारिणी समितिको बहुमत सदस्यको आधारमा गर्ने भएपछि उपेन्द्र यादव पक्ष उत्साहित बनेका छन् । ५२ सदस्यीय कार्यकारिणी समितिमा यादव पक्षसँग ३२ जना रहेको दावी गर्दै आएका छन् ।

ठाकुर र अर्का अध्यक्ष उपेन्द्र यादव पक्षले निर्वाचन आयोगमा निवेदन दिएका थिए । विवाद निरुपणका लागि इजलास गठन गरी साउन ३ गतेदेखि बहस चलाएको थियो । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई अध्यक्ष महन्थ ठाकुर पक्षले समर्थन जनाएको थियो । दुई पटक प्रतिनिधिसभा विघटन गरेका ओलीलाई ठाकुर पक्षले साथ दिएपछि जसपाभित्रको विवाद चर्किएको थियो । अर्का अध्यक्ष उपेन्द्र यादव पक्षले भने प्रतिनिसभा विघटन गर्नु प्रतिगमन भएको भन्दै विरोधमा उत्रिएको थियो ।

अहिलेको सत्तारुढ गठबन्धनमा रहेर यादव पक्षले संसदीय र राजनीतिक मोर्चामा साथ दिएका थिए । तर ठाकुर पक्षले भने नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई समर्थन जनाएनन् । त्यसैकारण गएको ७ जेठमा जसपा व्यवहारिक र राजनीतिक रुपमा विभाजित भएको थियो । ठाकुर पक्षले ओलीलाई साथ दिदै सरकारमा समेत सहभागी भयो । तर सर्वोच्च अदालतबाट ठाकुर पक्षका मन्त्रीहरुलाई पदमुक्त गरिदियो ।

तर यादव पक्षले भने संसद् पुनर्स्थापनाको पक्षमा साथ दियो र अहिले सरकारमा जाने तरखरमा छ । निर्वाचन आयोगको निर्णयबाट भने यादव पक्ष उत्साहित देखिएको छ । ५२ सदस्यीय कार्यकारिणी समितिमा ३२ सदस्यीय आफूसँग रहेको यादव पक्षले दावी गर्दै आएको छ ।

# सरकारले भन्यो– तेस्रो लहरको संक्रमण आउन सक्छ

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

सरकारले कोरोना महामारीको तेस्रो लहर आउन सक्ने अनुमान गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस संक्रमणको तेस्रो लहर आउनसक्ने भएकाले सचेत रहन आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले विज्ञप्ति जारी गर्दै निषेधाज्ञा खुकुलो भएसँगै संक्रमण दर बढ्दो देखिएकाले तेस्रो लहर आउनसक्ने बताएका हुन् ।

तेस्रो लहर आउनसक्ने भएकाले सबै स्वास्थ्य संघसंस्थालाई अक्सिजन, शय्यालगायत पूर्वाधार तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ । मन्त्रालयबाट तेस्रो लहर आएर भयाभह स्थिति नआओस् भन्नका लागि सबै स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्न अनुरोध गरिएको अधिकारीले बताए । "सबै अस्पताललाई अक्सिजन भर्न र शय्या तयारी अवस्थामा राख्न निर्देशन दिएका छौ । तेस्रो लहरले बालबालिकालाई बढी प्रभाव पार्ने भएकाले बालबालिकाका लागि सघन उपचारकक्ष (आइसीयू) र भेन्टिलेटर तयारी अवस्थामा राख्न भनेका छौँ", उनले भने ।



बागलुङ नगरपालिका-४ मा कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चालन गरिदै । तस्वीर : खेमराज गौतम

नेपालमा गत चैत दोस्रो सातादेखि दोस्रो लहरको संक्रमण छ । नेपालमा अहिलेसम्म सात लाख २४ हजार ४५५ व्यक्तिमा संक्रमण पुष्टि भएको छ । छ लाख ३६ हजार ४०२ व्यक्ति स्वास्थ्य लाभ गरी घर फर्किएका र नौ हजार ६३७ को संक्रमणबाट निधन भइसकेको छ । कोरोना महामारी नियन्त्रणमा सरकारले गएको १६ वैशाख देखि लगाएको निषेधाज्ञा अझै पूर्ण रुपमा खुलेको छैन ।

तर महामारीकै बीच जनजीवन सामान्य बनाउने प्रयत्न सरकारले गरिरहेको छ । राजधानी उपत्यका सहित देशभर निषेधाज्ञा थप खुकुलो बनाइदै लगेको छ भने कोरोना विरुद्धको खोप वितरणलाई पनि जोड दिइएको छ । बिहीबार मात्रै पनि छिमेकी मुलुक चीनबाट 'भेरोसेल' आठ लाख मात्रा प्राप्त भएको छ ।

चीनसँग खरीद गरिएको खोप नेपाल वायुसेवा निगमको वाइडबडी जहाजबाट आज खोप ल्याइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालका सहप्रवक्ता डा समीर कुमार अधिकारीले बताए । खोप टेकुस्थित स्वास्थ्य सेवा विभागको चिस्यान केन्द्रमा राखि देशभरि पठाइने उनले बताए ।

निगमको नियमित उडानमार्फत लगातार चार दिनसम्म खोप चीनबाट आउने बताए । यही साउन १५ गतेसम्म ३२ लाख मात्रा खोप नेपाल आउने मन्त्रालयले जनाएको छ । अहिलेसम्म ७३ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको छ ।

# साउदी जान जोन्सन खोपलाई पनि मान्यता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन

साउदी अरबले कोरोना भाइरसविरुद्धको जोन्सन एण्ड जोन्सन खोप लगाएका नेपाली कामदारलाई प्रवेश अनुमति दिने भएको छ । साउदीस्थित नेपाली दूतावासले एक सूचना जारी गर्दै साउदी अरब आउने नेपाली कामदारले जोनसनको खोप लगाएर आउन पाउने जनाएको हो ।

छुट्टीमा नेपाल आएर साउदी फर्किने तथा नयाँ कामदार जोन्सनखोप लगाएर साउदी गए त्यहाँ गएर संस्थागत क्वारेन्टिन बस्नु नपर्ने दूतावासले जानकारी दिएको छ । तर खोप लगाएको १४ दिन कटेको हुनुपर्ने दूतावसले बताएको छ ।

दूतावसद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'छुट्टीमा नेपाल गएर साउदी फर्किन लागेका र साउदी अरब आउने नयाँ कामदारले जोनसन एण्ड जोनसनको खोप लिन सक्नेछन् । उक्त खोप लगाएको १४ दिनपछि साउदी अरबमा आउँदा यहाँ आएपछि संस्थागत क्वारेन्टिनमा बस्नुपर्दैन ।'

दूतावासले खोप लगाउन जाँदा आफ्नो राहदानी र भिसा अनिवार्यरुपमा साथमा लिएर जानसमेत अनुरोध गरेको छ ।

साउदीले फाइजर, अस्ट्राजिनेका, मोडेर्ना र जोन्सन एण्ड जोन्सनको खोपलाई मान्यता दिएको छ । साउदी जानेले टिकट काट्दा एयरलाइन्स र ट्राभल एजेन्सीलाई यो कुराको जानकारी गराउन दूतावासले अनुरोध गरेको छ ।

साउदीमा त्यहाँको सरकारले मान्यता दिएको खोप मध्ये फाइजर, अस्ट्राजिनेका, मोडेर्ना खोपको २ वटै डोज लगाइसेका वा जोन्सनको खोप एक डोज लगाएकाले १४ दिन कटेको छ भने संस्थागत क्वरेन्टिन बस्नु नपर्ने व्यवस्था गरिएको छ । साथै कोरोना संक्रमण भएर निको भएको ६ महिना कटेको भए पनि संस्थागत क्वारेन्टिन बस्नु नपर्ने दूतावासले सूचनामार्फत जानकारी गराएको छ ।

साउदी सरकारको यो निर्णयसँगै अब विभिन्न कारण बिदामा नेपाल आएका नेपाली कामदारहरु जोनसन एण्ड जोनसनको खोप लगाएर सहजरुपमा साउदी जान पाउने भएका छन् । यसअघि नेपालमा जोनसनको खोप उपलब्ध नहुँदा साउदी गएर नेपाली कामदार क्वारेन्टिनमा बस्दा लाखौं खर्च गर्न बाध्य भएका थिए ।

यसैबीच साउदी सरकारले कोरोनाविरुद्धको खोप नलगाएकाहरुलाई सार्वजनि स्थलमा जान प्रतिबन्ध लगाएको छ । अगस्ट १ देखि खोप नलगाएका व्यक्तिलाई सपिङ मल, बजार, रिटेल पसललगायतका क्षेत्रमा जान प्रतिबन्ध लगाइएको साउदी अरबको नगरपालिका तथा ग्रामीण मामिला मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार ब्युटि पार्लर, वैवाहिक समारोह तथा पार्टी हल, रेस्टुरेन्ट, पुरुष सैलुनमा जानका लागि खोप लगाएको प्रमाण देखाउनुपर्ने व्यवस्था गरिएको छ ।

## वैदेशिक रोजगार विशेष

### साउदीले अकामाको म्याद बढाउने

**काठमाडौं/मस–** साउदी अरबले विदेशी कामदारको अवासीय अनुमति पत्र (अकामा)को समय बढाउने भएको छ । साउदी सरकारले कोरोना भाइरस महामारीका कारण आ-आफ्नो देशमै रोकिएका कामदारहरुको अकामाको म्याद अगष्ट ३१ सम्म बढाउन लागेको हो ।

साउदीबाट आफ्नो देश गएका र कोरोना महामारीका कारण साउदी फर्किन नपाएका विदेशी कामदारको अकामाको समय अगष्ट ३१ सम्म स्वतः बढ्ने त्यहाँको स्थानीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

कोरोना संक्रमण नियन्त्रणका लागि अपनाइएका विभिन्न मापदण्डका कारण समयमा देश छाड्न र फर्कन सक्ने अवस्था नरहेका कारण साउदी सरकारले यस्तो व्यवस्था गरेको बताइएको छ ।

साउदीको यस निर्णयसँगै अकामाको म्याद सकिएर रोजगारी गुम्ने अवस्थामा पुगेका नेपालीसहित अन्य देशका कामदारहरुलाई केही राहत मिलेको छ । यसका साथै साउदीले भिजिट भिसा र एक्जिट एण्ड इन्ट्री भिसाको म्याद पनि अगस्ट ३१ सम्म निःशुल्क बढाउने पनि स्थानीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

# मनाङमा हेलिकप्टरबाट खाद्यान्न र औषधि पुर्‍याइने

**काठमाडौं/मस–**मनसुनजन्य विपद्का कारण अतिप्रभावित भएको मनाङमा हेलिकप्टरबाट औषधि र खाद्यान्न पर्‍याइने भएको छ । बाढी र पहिरोबाट प्रभावित भएको जिल्ला सदरमुकाम चामेलगायत आसपासका क्षेत्र विपद्का घटना भएको लामो समय बितिसक्दा पनि सडक सञ्जाल जोडिन नसकेपछि सरकारले खाद्यान्न पुर्‍याउन हेलिकप्टरको प्रयोग गर्न लागेको हो ।


मनाङ सदरमुकाम चामेस्थित मर्स्याङ्दी नदीको बाढीले कटान गरेको लोकप्रिय मावि । तस्बिरः सामाजिक सञ्जाल

शुरुआती चरणमा यहाँ राहतस्वरुप हेलिकप्टरबाट राहत पुर्‍याइएको तर सडक खुल्न नसक्दा मानिसको जीवन नै जोखिममा पर्ने अवस्था आएकाले हवाइमार्गबाट तत्काल खाद्यान्न र औषधि आपूर्ति गर्ने तयारी गरिएको गृहमन्त्री बालकृष्ण खाँडले बताए । प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा समितिका सदस्यले उठाएका जिज्ञासाको जवाफमा मन्त्री खाँडले सरकारको पहिलो प्राथमिकता नै मानिसको जीउज्यानको सुरक्षा रहेको स्पष्ट पारे । उनले जोखिममा परेका मानिसको जनजीवन सहज पार्न मन्त्रालय लागि परेको पनि बताए ।

उनले भने, 'मनाङ जिल्ला सदरमुकाम जाने बाटो बन्द छ, प्राविधिकसमेत मोटरबाट जानसक्ने अवस्थामा छैन, मनाङमा नागरिकको जीवन नै जोखिममा छ, सप्लाई सिष्टम नै बन्द भयो । अब हेलिकप्टरबाट सामान पुर्‍याइने छ ।' यस विषयसमा सरोकारवाला निकायबीच समन्वय भइसकेको उनले बताए ।

लत्ताकपडालगायत सामग्री ढुवानी भने महँगो पर्ने भएकाले तत्काल खाद्यान्न र औषधि पुर्‍याउने गरी योजना निर्माण भएको समितिलाई जानकारी दिए । मनाङमा बाढीपहिराका कारण ५४ किलोमिटर सडकमा क्षति पुगेको छ ।

मन्त्री खाँडले अध्ययनका लागि विज्ञ टोलीलाई पनि हेलिकप्टरबाटै लैजाने जानकारी दिए । मन्त्री खाँडले मनाङ र सिन्धुपाल्चोकको जनजीवन सहज पार्ने विषयमा सरकार गम्भीरताका साथ लागेको समितिका सदस्यलाई आश्वस्त पारे । दुवै जिल्लालाई सरकारले संकटग्रस्त क्षेत्र घोषणा गर्नुका कारण नै उच्च प्राथमिकतामा राखिएकाले हो भन्दै उनले त्यस क्षेत्रमा विशेष प्याकेज लैजानुपर्ने आवश्यकता औंल्याए । गृहमन्त्री खाँडले नागरिकको जीवनरक्षा कसरी गर्ने भन्नेमा नै सरकारको ध्यान रहेको र राज्य प्रणालीको शुरुआत नै त्यसैका लागि भएको बताए । उनले यसपाली विपद् परिकल्पना गरेभन्दा फरकरुपमा आइरहेकोतर्फ सचेत हुन आग्रह गरे ।

चितवनको नारायणगढ-मुग्लिन सडकखण्डको उदाहरण दिँदै मन्त्री खाँडले मुलुकमा भइरहेका विकास निर्माण वातावरणीय प्रभाव विश्लेषणभन्दा पनि विकासलाई प्राथमिकता दिएर भइरहेको जसले जोखिम बढाइरहेको बताए । उनले पहाडी क्षेत्रमा बाटो बनाउने प्रतिष्पर्धा नै रहेको बताए । उनले एउटा दशैंमा ट्र्याक्टरबाट नुन/तेल पुर्‍याइने र अर्को दशैंमा बगाएर उस्तै अवस्थामा पुग्ने गरेको तीतो यथार्थ प्रस्तुत गरे । मन्त्री खाँडले भौतिक पूर्वाधार निर्माणमा गम्भीर हुनुपर्ने र त्यसका लागि कार्ययोजना नै जरुरी रहेको औंल्याए । उनले जोसिएर चुरे उत्खनन् गर्दा प्रकोप बढ्ने विज्ञको धारणा रहेकोतर्फ गम्भीर हुन पनि आग्रह गरे ।

गृहसचिव महेश्वर न्यौपानेले प्राधिकरण र अन्य सरोकारवाला निकाय कसले के काम गर्ने भनेर कार्य विभाजनको जरुरी भइसकेको बताए । उनले बाढी पहिरोको सूचना प्रणालीलाई गतिशील बनाउन सुझाव दिए । 'मौसम विज्ञान विभागले सूचना दिन्छ, तर त्यसको सही विश्लेषण हुन सकिरहेको छैन प्राधिकरणले विश्लेषण गर्नुपर्छ' उनले भने । एउटै निकायले सबै काम गर्न नसक्ने बताउँदै उनले संयुक्त समितिको खाँचो बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले धेरै क्षेत्रमा बाटोकै कारण मनसुनजन्य घटना भएकाले बाटोको विकल्प रोप-वे तथा केबलकार हुनेतर्फ आवाज उठाउन समितिका सदस्यसँग अनुरोध गरे ।

तीन तहको सरकारले के-के काम गर्ने भनेर ऐनमा नै सुधारको खाँचो रहेको औंल्याउँदै पोखरेलले जोखिम न्यूनीकरणका योजना प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए । उनले पूर्वसूचना प्रणालीलाई अझै प्रभावकारी बनाउँदै भूवनोट र बस्ती हेरेर खतराको स्पष्ट सङ्केतसहित हातहातमा सूचना पुर्‍याउनुपर्नेमा जोड दिए । त्यसअघि समितिको बैठकमा सदस्य रेखा शर्मा, दिलेन्द्रप्रसाद बडु, छक्कबहादुर लामा, तिर्था गौतम, यशोदा गुरुङ, सुवेदीले विपद्जन्य घटना रोक्न, भएका घटनामा क्षति कम गर्न र घटनापछि राहत तथा उद्धार कार्य प्रभावकारी बनाउन ध्यानाकर्षण गराए ।

# महोत्तरी कारागारमा थुनुवाको चाप, क्षमताभन्दा तीन गुणा बढी

**जनकपुरधाम/मस-** जलेश्वरस्थित महोत्तरी कारागारमा क्षमताभन्दा ३ गुणा बढी थुनुवा राखिँदा कैदीबन्दीहरूलाई समस्या परेको छ । यो धनुषा र महोत्तरीको संयुक्त कारागार हो ।




खान, बस्न, सुत्न र शौच लगायतको समस्या हुने गरेको कैदीबन्दीहरूले गुनासो गरेका छन् । वि.सं. १९१३ मा निर्मित यो कारागार जीर्ण भइसकेको छ ।

कारागार भवनको क्षमता १३५ रहेकोमा हाल ५६१ कैदी/थुनुवा रहेका छन् भने दैनिक थपिने थुनुवा (पुर्पक्ष क्रमका) को चाप निकै बढेको कारागार प्रशासनले जनाएको छ । कारागारमा अहिले २०५ पुरुष र १६ महिला सहित २२१ मात्रै कैदी (न्यायिक निकायले कसुर ठहर गरी फैसला गरे अनुरूप सजाय काटिरहेका) छन्। यद्यपी; थुनुवा संख्या ३४० रहेको छ । तीमध्ये पाँच आश्रित बालबालिकासहित ३६ महिला र ३०४ जना पुरुष छन् ।

कारागार प्रमुख (जेलर) गणेशचन्द्र मिश्रका अनुसार न्यायिक निकायले दैनिकजसो पठाउने थुनुवा अब कारागारले थेग्नै नसक्ने स्थिति रहेको बताए । थुनुवा संख्या निकै बढेपछि धनुषा जिल्लाका न्यायिक निकायलाई अब अन्यत्र कारागारमा व्यवस्था गर्न अनुरोध गरिएको, तर धनुषामा कारागार नहुँदा मुख्य चाप नै त्यहाँको हुने गरेको मिश्रको भनाइ छ ।

जेलर मिश्रले गत जेठसम्म लगभग ६०० पुगेको संख्या पुगेको अहिले घटेर ५६१ मा झरेको बताए । उनले धनुषाबाट अहिले थुनुवा अन्यन्त्र पठाउन थालेकोले संख्या घटेको, तर अझै पनि क्षमताभन्दा बढी थुनुवाहरू रहेका जानकारी दिए ।

यस कारागारमा ठीक समयमा फैसला नहुँदा पुर्पक्षका लागि कारागारमा रहेका थुनुवाहरूले गर्दा संख्या बढेको हो। जेलर मिश्रले भने, 'मुद्दा दर्ता भएको दुई वर्षभित्र फैसला हुनुपर्नेमा त्यसो नहुँदा पाँच वर्षदेखि पुर्पक्ष क्रममा रहेका थुनुवा संख्या उल्लेख्य रहेको छ ।'

यहाँ रहेका कैदी/थुनुवामध्ये धनुषाकै ६० प्रतिशत हाराहारी रहेका कारागार प्रशासनले जनाएको छ । जेलर मिश्रले कारागारमा कर्तव्य ज्यान, लागुपदार्थ दुर्व्यसन र ज्यान मार्ने उद्योग मुद्दाका थुनुवा बढी आउने गरेका बताए ।

# नेपालमा १२ लाख ८१ हजारले लगाए कोरोनाविरुद्धको पूर्णखोप

**काठमाडौं/मस–**नेपालमा हालसम्म १२ लाख ८१ हजार २४० जनाले कोरोनाविरुद्धको पूर्ण खोप लगाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार यसबाहेक पहिलो डोज लगाउनेको संख्या ३३ लाख ८ हजार ७३० जना पुगेको छ ।



मन्त्रालयका अनुसार कोभिसिल्डको पहिलो डोज १८ लाख २८ हजार ४८४ जनाले लगाएका छन् भने ४ लाख ६० हजार ३०८ जनाले दोस्रो डोज लगाएका छन् । यस्तै १४ लाख ८० हजार २४६ जनाले भेरोसेलको पहिलो डोज र ६ लाख ८२ हजार ७९० जनाले दोस्रो डोज लगाएका छन् ।

### चीनबाट आठ लाख मात्रा खोप ल्याइयो

चीनबाट बिहीबार कोरोना भाइरसविरुद्धको खोप 'भेरोसेल' आठ लाख मात्रा प्राप्त भएको छ ।

चीनसँग खरीद गरिएको खोप नेपाल वायुसेवा निगमको वाइडबडी जहाजबाट बिहीबार खोप ल्याइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले जानकारी दिए । बिहीबार आएको खोप टेकुस्थित स्वास्थ्य सेवा विभागको चिस्यान केन्द्रमा राखि देशभरि पठाइने उनले बताए ।

निगमको नियमित उडानमार्फत लगातार चार दिनसम्म खोप चीनबाट आउने जानकारी दिए । यही साउन १५ गतेसम्म ३२ लाख मात्रा खोप नेपाल आउने मन्त्रालयले जनाएको छ । अहिलेसम्म ७३ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको छ ।

### कोञ्ज्योसोममा 'जोन्सन एण्ड जोन्सन'को खोप

अमेरिकाले उपलब्ध गराएको एक मात्रा मात्र लगाए पुग्ने जोन्सन एण्ड जोन्सनको खोप शुक्रबार दक्षिण ललितपुरको कोञ्ज्योसोम गाउँपालिकामा लगाइने भएको छ ।

पचास वर्षदेखि ५४ वर्ष उमेर समूहका नागरिक, क र ख वर्गका अपाङ्गता भएका व्यक्ति, नेपालमा बसोबास गरिरहेका शरणार्थी, स्वास्थ्य, सरसफाइकर्मी समेतलाई खोप लगाउने कार्यक्रम तय भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नवलकिशोर महतोले जानकारी दिए ।

### खोप खरिदका लागि १९ अर्ब ८० करोड ऋण स्वीकृत

एशियाली विकास बैंकले कोभिड-१९ विरुद्धको खोप खरिदका लागि रु १९ अर्ब ८० करोड ऋण प्रदान गर्ने भएको छ । बैंकले ६८ लाख नेपाली लाभान्वित हुने गरी एक करोड ५९ लाख मात्रा खोप खरिद गर्न उक्त रकम ऋणस्वरुप नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय बिहीबार गरेको मनिलास्थित बैंकको प्रधान कार्यालयले जनाएको छ ।

जीवनरक्षाका निम्ति अत्यावश्यक खोप खरिद गर्न तथा आफ्ना नागरिकहरूलाई सङ्क्रमणबाट बचाउन शीघ्र खोप खरिद गरी नागरिकलाई लगाउन अपरिहार्य भएको बताउँदै बैंकका अध्यक्ष मासाटुगु आशाकावाले अर्थतन्त्रलाई पुनर्जीवन दिन र नागरिकका दैनिकी एवं आर्थिक गतिविधि पुन:सञ्चालन गर्न नेपालका निम्ति खोप उपयोगी हुने विश्वास व्यक्त गरे ।

# रातो मच्छिन्द्रनाथ मन्दिरमा २० फिट गारो लगाइयो



**ललितपुर/रासस-** बुङ्मतीस्थित रातो मच्छिन्द्रनाथ मन्दिर पुन:निर्माणमा २० फिट गारो लगाउने काम सम्पन्न भएको छ । मन्दिरमा प्रयोग गरिने काठ तथा इँटा समयमै पाउन नसक्दा र मुलुकमा कोरोना महामारी पनि बढ्दा पुन:निर्माणमा ढिलाइ भइरहेको बताइएको छ ।

मन्दिर पूरै पुन:निर्माण सम्पन्न गर्न ६४ फिट चार इन्चको गारो लगाउनुपर्छ । सो मन्दिरमाथि छ फिटको गजुरसमेत हाल्दा भगवान् राखिने स्थानबाट ७० फिट चार इन्चसम्मको काम गर्नुपर्ने मच्छिन्द्रनाथ मन्दिर उपभोक्ता समितिका अध्यक्ष अमिर शाक्यले बताए ।

उनले भने, 'मन्दिर पुन:निर्माणमा २६ फिट अग्लो काठ ठड्याउने कामसमेत सम्पन्न हुँदा गरिनुपर्ने खतरा खालका कामको हिसाबमा भने लगभग ७० देखि ८० प्रतिशत सक्यौँ, जसमा १६ बाइ १६ का २० ढुङ्गाको खम्बा र १४ बाइ १४ को ३४ फिट चार इन्चका चार निदाल पनि हालियो ।' सो २० फिटमाथि लगाउने गारोमा ११ थरिका इँटा आएपछि मन्दिर पुन:निर्माणको काम निरन्तर अघि बढाउन पाइने उनको भनाइ छ ।

विसं २०७२ वैशाख १२ को गोरखा भूकम्पमा क्षति भएको सो मन्दिरको बाँकी भाग मानिस यात्रा गर्ने क्रममा ढलेर लाग्ने डरका कारण पछि निर्माण गर्नुपर्छ भन्ने सामान्य सोचविचारबिना भत्काउँदा समस्या हुने बताइन्छ । हाल पुन:निर्माणमा प्रयोग हुने १३ प्रकारका इँटा अभावले ११ थरिका नयाँ निर्माण गर्न दिइरहेका दुई प्रकारका अझै बनाउन दिनुपर्ने भएको शाक्यले जानकारी गराए ।

सो मन्दिर पुन:निर्माणमा लागेका समितिले जनसहभागिताअन्तर्गत हाल्नुपर्ने १० प्रतिशत रकम कहाँबाट कसरी जुटाउने भन्ने चिन्ता भइरहेको शाक्यले गुनासो गरे । छ वर्षअघिको भूकम्पमा मन्दिर पर्दा श्रीलंका सरकारले रु पाँच करोड आर्थिक सहयोगमा पुन:निर्माण गर्ने भनिएको थियो । मन्दिर पुन:निर्माणमा कसैबाट चासो नदिइएपछि गत वर्ष असार २० गते क्षमापूजा गरी २२ गतेबाट समिति र पुरातत्व विभागबीच रु तीन करोड २१ लाखमा सम्झौता भई काम अघि बढेको छ ।

लगभग एक हजार ५०० वर्षअघि शिखरशैलीमा निर्माण भएको रातो मच्छिन्द्रनाथ मन्दिर पुन:निर्माणको काम २०७८ असार मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने सम्झौता हुँदा सोमा प्रयोग गरिने सामग्री अभावका साथै मुलुकमा फैलिरहेको कोभिड महामारीले अझै कति समय मन्दिर निर्माणमा खर्च हुने हो भन्ने त्यसको कुनै टुङ्गो लागेको छैन ।

मन्दिर पुन:निर्माणमा १३ देखि १४ सय वर्ष पुराना मेथ, कार्नेशलगायतका वस्तु प्रयोग भइरहेको समितिले जनाएको छ । पाटनको ठूलो उत्सवका रुपमा हिन्दूलगायत बौद्ध धर्मावलम्बी दुवैले मनाउने रातो मच्छिन्द्रनाथको रथजात्रा काठमाडौं उपत्यकाको सबैभन्दा लामो पर्व मानिन्छ । लिच्छविकालतिर देशभर अनिकाल र खडेरी लाग्दा अन्न अनि वर्षा तथा सहकाल अनेकौं नामले पुकारिने रातो मच्छिन्द्रनाथको मुलुक प्रवेशले सहकाल भएको स्थानीय मच्छिन्द्रनाथ गुठीसँग सम्बन्धित ३२ पानेजु संघका अध्यक्ष यज्ञरत्न शाक्यले बताए ।

मुलुकमा रातो मच्छिन्द्रनाथले सबै जगतको लोककल्याण गरेको स्मरणमा प्रत्येक वर्ष वैशाख कृष्ण प्रतिपदादेखि लोकेश्वरको रथजात्रा गर्ने परम्परा रहिआएको छ । हाल मन्दिर निर्माणाधीन अवस्थामा रहँदा 'वर्षा र सहकालका देवता' रातो मच्छिन्द्रनाथलाई बुङ्मतीको एक पाटीमा राखिएर दैनिक पूजाआजा अनि रेखदेख गरिरहेको पुजारी हेम बज्राचार्यले बताए ।

रातो मच्छिन्द्रनाथलाई लोकथान वा मत्स्येन्द्रनाथ, बुङ्गमलोकेश्वर, बँगद्यः, आर्याबलोकितेश्वर, वृष्टिदेव आदि विभिन्न नामले पुकारिने गरिएको मच्छिन्द्रनाथ गुठीका मुल पुजारी कमलराज बज्राचार्यले बताए ।

# नगरपालिकाद्वारा प्रहरीलाई मोटरसाइकल

**काठमाडौं/मस–**चन्द्रागिरि नगरपालिकाले महानगरीय प्रहरीवृत्त थानकोटलाई दुई थान मोटरसाइकल सहयोग गरेको छ । चन्द्रागिरिले समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत आज रु पाँच लाख ३२ हजार मूल्य बराबरको दुई थान प्लल्सर मोटरसाइकल सहयोग गरेको हो ।

महानगरीय प्रहरीवृत्त थानकोटमा आज आयोजित कार्यक्रममा नगरपालिकाका प्रमुख घनश्याम गिरीले महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक अशोक सिंहलाई मोटरसाइकल हस्तान्तरण गरे ।

कार्यक्रममा नगरप्रमुख गिरीले नगरपालिकाभित्रको शान्तिसुरक्षालाई थप मजबुद बनाउँदै अपराध नियन्त्रणमा सहयोग पुर्‍याउन नगरपालिकाले उक्त मोटरसाइकल प्रदान गरेको जानकारी दिए ।

'चन्द्रागिरिको शान्ति, सुरक्षालाई थप मजबुद बनाउन यसभन्दा पहिले नगरपालिकाले रु एक करोड लागतमा नागढुङ्गादेखि कलंकीसम्म सिसी क्यामरा जडान गरिसकेको छ, आगामी दिनमा भित्री सडकमा सिसी क्यामरा जडान गर्ने कार्यक्रम रहेको छ', उनले भने । महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख सिंहले समुदाय तथा स्थानीय निकायले प्रहरीलाई नि:स्वार्थ प्रदान गरेका स्रोतसाधनले समाजको शान्ति सुव्यवस्था, अपराध अनुसन्धान तथा नियन्त्रणमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# सवारीसाधनको भाडा समायोजन गर्न माग गर्दै आन्दोलन

**काठमाडौं/मस–**मध्यम र छोटो दूरीका सवारीसाधनमा भाडा समायोजन गरिनुपर्ने माग गर्दै यातायात व्यवसायी आन्दोलनमा उत्रिएका छन् ।



चक्रपथका विभिन्न स्थानमा जम्मा भएर उनीहरुले संघीय सरकारले लामो दूरीको सवारीसाधनमा भाडा समायोजन गरेकाले छोटो र मध्यम दूरीका सवारीसाधनमा पनि भाडा समायोजन गर्न माग गरेका हुन् । व्यवसायीहरुले सबै यातायात मजदूरलाई कोभिड विरुद्धको खोप लगाउर्ने पनि माग गरेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाले संघीय सरकारले भाडा समायोजन गरेकै आधारमा प्रदेश र स्थानीय तहले पनि समायोजन गर्नुपर्ने बताए ।

यातायात व्यवस्था विभागले गत असार ३० गते दुई वा दुईभन्दा बढी प्रदेशमा चल्ने यात्रुबाहक सवारीसाधनमा २८ प्रतिशत, तराईमा चल्ने सवारीसानधमा २० प्रतिशत र पहाडमा चल्ने मालबाहक सवारीसाधनमा २६ प्रतिशतसम्म भाडा बढाएको थियो ।

विसं २०६५ मा पेट्रोलियम पदार्थ, सवारीसाधन र त्यसको पार्टपूर्जाका आधारमा सार्वजनिक सवारीसाधनको भाडा निर्धारणसहित मापदण्ड तय गरिएको थियो । सो मापदण्डअनुसार पेट्रोलियम पदार्थको मूल्यलाई ३५ प्रतिशत र पार्टपूर्जालाई ६५ प्रतिशत आधार बनाइएको थियो । सोही आधारमा वार्षिकरुपमा भाडा समायोजन गरिनुपर्नेमा झण्डै नौ वर्षदेखि हुन नसकेको यातायात व्यवसायीको गुनासो छ ।

संविधानअनुसार यातायात क्षेत्रको व्यवस्थापनको जिम्मेवारी तीन तहमै बाँडिएको छ । स्थानीय तहभित्र गुड्नेको स्थानीय तह, प्रदेशभित्र गुड्नको प्रदेश सरकार र एकभन्दा बढी प्रदेशमा गुड्नेको व्यवस्थापन र नियमनको जिम्मेवारी संघीय सरकारको हुने व्यवस्था छ ।

यसैबीच गृह मन्त्रालयले लामो तथा मध्यम दूरीका सवारीसाधन सञ्चालन अनुमति दिन सबै जिल्ला प्रशासन कार्यालयहरूलाई आदेश दिएको छ ।

सवारीसाधन सञ्चालन गर्ने आवश्यक सहजीकरण गर्न ४ गते मन्त्रीपरिषदले लिखित पत्र मन्त्रालयलाई पठाएपछि मन्त्रालयले आदेश दिएको हो।

मन्त्रालयका प्रवक्ता जनकराज दाहालले परीक्षार्थीहरूको सहजताका लागि सबै जिल्लालाई यातायात सञ्चालन गर्न आदेश दिएको बताए। उनका अनुसार अब यस विषयमा जिल्लाका डिसीएमसीले निर्णय लिएर सार्वजनिक यातायात सञ्चालन गर्न दिनुपर्नेछ ।

मन्त्रालयले बुधबार सबै जिल्लाका लागि पत्र समेत जारी गरेको छ । पत्रमा लेखिएको छ, 'त्रिवि, लोकसेवा आयोग लगायत निकायबाट परीक्षा कार्यक्रम सार्वजनिक भएकाले परीक्षाको आवागमन समेतलाई दृष्टिगत गरी स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी मध्यम तथा लामो दूरीका सार्वजनिक यातायात सञ्चालन गर्न आवश्यक सहजीकरण हुन आदेशानुसार अनुरोध छ ।'

कोभिडका कारण सरकारले वैशाख १६ गतेबाट लामो दूरीमा चल्ने सवारीसाधनमा रोक लगाएको थियो ।

# करोडौंको पशु बधशाला भद्रगोल

## ■ स्थानीय भन्छन् 'जनप्रतिनिधिले आश मात्रै देखाए'

तेजबहादुर बन/मध्यान्ह
इटहरी, ७ साउन



सुनसरीको इटहरी उपमहानगरमा तीन करोड रुपैयाँ लगानीमा बनाइएको पशु बधशाला विगत ६ वर्षदेखि लथालिंग अवस्थामा पुगेको छ ।

उपमहानगरको तत्कालिन कार्यकारी अधिकृत पशुपति खतिवडाको पालामा निर्माण गरिएको बधशाला ६ वर्ष देखि प्रयोगबिहीन बनेपछि भद्रगोल अवस्थामा पुगेको हो । पशुपक्षी महानिर्देशनालय, आवास तथा सहरी विकास विभाग र इटहरी उपमहानगरको सहकार्यमा बनेको बधशाला प्रयोगमा ल्याउन स्थानीय व्यवसायीहरूले पटक-पटक उपमहानगर अन्तरगत मेयर, उपमेयरलाई पत्रचार समेत गरेका थिए । तर कसैले सुनुवाइ नगरेको व्यवसायीहरूको गुनासो छ ।

वर्षौंदेखि इटहरी उपमहानगरले संरचना बनाएर भोगचलन गर्दै आएको वडा नं. ९ अन्तर्गत पशु बधशाला तथा हाट बजारको १६ कठ्ठा जग्गा विवादमा परेपछि झनै सो स्थानको अवस्था बिग्रदै गएको छ । यस्तै जनप्रतिनिधिले पनि त्यसको पुनःमर्मत बारे  चासो राख्न छाडेका स्थानीय व्यवसायीहरूको भनाइ छ ।

चुनाव जितेर आएका जनप्रतिनिधिहरुले बधशाला निर्माण गर्ने आश्वास दिएको चार वर्ष कटिसक्दा सक्दा पनि अवस्था जस्ताको तस्तै रहेपछि स्थानीयहरु जनप्रतिनिधिले आश मात्रै बाँडेको गुनासो गर्न थालेका छन् ।

इटहरीको हटियालाइनस्थित निर्माण गरिएको पशुबधशाला तथा हाट बजारको जग्गा व्यक्तिको नाममा दर्ता भएको प्रमाण भेटिएपछि सो क्षेत्र विवादमा तानिएको थियो । यस विषयमा जिल्ला अदालत सुनसरीमा मुद्दा विचाराधिन रहेको छ ।

व्यवस्थित बधशालासँगै र तरकारी बजार सञ्चालन गर्ने उद्देश्यले बनाइएको उक्त संरचना अहिले वर्खाको बेला स्थानीय टेंगामा आएको बाढीले डुबानमा परेको छ भने वरिपरी हेर्न नहुने झार पलाउनुका साथै सटरहरू पनि भत्कन थालेका छन् ।

बधशाला नै अव्यवस्थित हुन थालेपछि मासु व्यवसायीहरूले जथाभावी मासुहरू काटेर हाड तथा छालाहरू जहि तहि फाल्ने गरेको त्यहाँका स्थानीयहरूले बताएका छन् । जसका कारण आसपास दुर्गन्ध फैलन थालिसकेको पाइएको छ । बधशाला आसपास ५६ सटरहरू रहेका छन् ।

पहिला चौपाया यहि काट्ने र मासु बेच्ने गरेपनि अहिले यहा काट्ने र बनाएर बजार लाने गरेको तर हाड छाला भने खोलामा मिल्काउने गरेको मासु व्यवसायी तुलाराम श्रेष्ठ बताउँछन् ।

यता बर्खाको बेला खोलामा आएको बाढीले बधशालामा थुपारेको हाड छाला स्थानीयको घर आँगन र भान्सासम्म ल्याइ दुर्गन्धित बनाउने गरेको स्थानीय भुपाल भट्टराई बताउँछन् । यस विषयमा उपमहानगरको मेयर द्वारिकलाल चौधरीसँग सम्पर्क गर्दा उनले बधशाला अव्यवस्थित भएको स्वीकारेका छन् । उनले खोलाको किनारमा बजार तथा बधशाला निर्माण गर्नै नहुने तर्क दिएका छन् । 'अब बनिनै सकेपछि त्यसको संरक्षण र व्यवस्थित गर्ने जिम्मा उपमहानगरको हो चाँडै व्यवस्थित गर्छौं' मेयर चौधरीले भने ।

# मालिकार्जुन र शैल्यशिखर गाउँपालिकामा आज सार्वजनिक बिदा



गणेश सिंह धामी/मध्यान्ह
दार्चुला, ७ साउन

दार्चुलाको मालिकार्जुन गाउँपालिका र शैल्यशिखर गाउँपालिकाले मालिकार्जुन शिखर पुजन जात्राको लागि आज सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

मालिकार्जुन गाउँपालिका र शैल्यशिखर नगरपालिकाको सीमा क्षेत्रमा पर्ने शैल्यशिखर धाममा हरेक वर्ष असार शुक्ल चतुर्दशीका दिन र कार्तिक शुक्ल त्रयोदशीका दिन वर्षको दुई पटक शिखर पुजन जात्रा लाग्ने गर्छ । मालिकार्जुन मन्दिरबाट करिब ५ हजार मिटरको उचाइमा श्री शैल्य शिखरधाम रहेको छ । एक महिना चोख भोको रहेर श्रद्धालु भक्तजनहरु शिखरधाममा पुजा आजा गर्ने गर्दछन् ।

शिखर धामको दर्शन गर्न महिलाको हकमा विवाहित र पुरुषको हकमा ब्रतबन्ध गरेकाले मात्रै जान पाउने जनविश्वास रहेको छ । शिखर धाममा पुजा गर्नाले मनले सोचेको पूरा हुने जनविश्वास रहेको मालिकार्जुन मन्दिर व्यवस्थापन समितिका सचिव जनक सिंह धामीले मध्यान्हलाई बताए ।

शैल्यशिखर धामको पूजन जात्रामा सुदूरपश्चिम प्रदेशको दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, कैलाली, बझाङ लगायतका जिल्ला र भारतको उत्तराखण्डका विभिन्न ठाउँहरुबाट समेत श्रद्धालु भक्तजन आउने गर्छन् । मालिकार्जुन गाउँपालिकाले उक्त दिनलाई बिदा दिने गरेको मालिकार्जुन गाउँपालिकाका अध्यक्ष नरेन्द्र सिंह धामीले मध्यान्हलाई जानकारी दिए ।

# एक महिनामा १६२ मानव अधिकार उल्लंघनका घटना




काठमाडौं/मस-अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले असारमा मानव अधिकार उल्लंघन तथा ज्यादतिका १६२ घटना भएको जनाएको छ । इन्सेकले असारको तथ्यांक बिहीबार सार्वजनिक गर्दै एक महिनामा १०८ महिला र ५४ पुरुष गरी १६२ जना मानव अधिकार उल्लंघन तथा ज्यादतिका घटनाबाट पीडित भएको जनाएको छ ।

इन्सेकका अनुसार सबैभन्दा बढी बागमती प्रदेशमा ४६, प्रदेश २ मा ४४ जना, लुम्बिनी प्रदेशमा २१ जना, प्रदेश १ मा २० जना, गण्डकी १५, कर्णाली प्रदेशमा १२ र सुदूरपश्चिम प्रदेशमा चार जना पीडित भएका छन् । ती घटनामध्ये पत्नी हत्याका छ, परिवारजनबाट हत्याका चार, बलात्कारपछि हत्याको तीन, बलात्कार प्रयासपछि हत्याको एकसहित २२ जनाको हत्या भएका घटना अभिलेख गरिएको छ ।

यो अवधिमा झडपमा १२ जनासहित १५ जना घाइते भएका छन् । गिरफ्तारीका घटनामा तीन महिलासहित ३० जना, कुटपिटबाट पाँच जना, धम्कीका घटनामा एक जना र यातनाका घटनामा एक जना पीडित भएका छन् । बालअधिकार उल्लंघनका घटनामा परी ५३ जना बालिका पीडित भए भने महिला अधिकार उल्लंघनका घटनामा ३२ जना पीडित भएको इन्सेकले जनाएको छ ।

# एसएसपी राणालाई डीआईजीमा बढुवा गर्न सिफारिस



काठमाडौं/मस- नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सौरभ राणा प्रहरी नायव महानिरीक्षक (डीआईजी) मा बढुवाका लागि सिफारिस भएका छन् ।गृह मन्त्रालयले बढुवा सिफारिससम्बन्धी सूची सार्वजनिक गरी राणालाई बढुवा सिफारिस गरिएको जनाएको छ। जनपद प्रहरी समूहतर्फबाट प्रहरी नियमावली २०७१ (संशोधनसहित) को नियम २७ को उपनियम (४) को प्रावधानअनुसार सिफारिस गरिएको बढुवा समितिका सदस्य सचिव निरजबहादुर शाहीले जानकारी दिएका छन् ।

# काठमाडौंका चोकचोकमा थुप्रिन थाल्यो फोहोर, व्यवस्थापनमा समस्या



काठमाडौं/मस- काठमाडौंका चोकचोकमा फोहोरमैला थुप्रिन थालेपछि दुर्गन्ध फैलिन थालेको छ। बन्चरेडाँडामा फोहोर व्यवस्थापन गर्न कठिनाई भएको र सिस्डोल ल्याण्डफिल साइट भरिएसँगै फोहोर उठ्दा राजधानीमा फोहोर थुप्रेको बताइएको छ। काठमाडौं महानगरपालिकाले विगत एक हप्तादेखि उठ्न नसकेको काठमाडौं उपत्यकाको विभिन्न स्थानको फोहर व्यवस्थापन भइसकेको जनाएको छ । अनामनगर, बानेश्वर, कालीमाटी, रविभवन र असनलगायत स्थानमा फोहर नउठेको गुनासो बढिरहँदा बुधबार साँझसम्ममा सबै स्थानको फोहर व्यवस्थापन भइसकेको महानगर वातावरण विभागका प्रमुख हरिकुमार श्रेष्ठले बताए ।

यता वैकल्पिक बाटो निर्माण नहुँदासम्म निर्माणाधीन दीर्घकालीन फोहर व्यवस्थापन केन्द्र बन्चरेडाँडामा तत्काल फोहर विसर्जन गर्न नसकिने भएको छ । काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहरको दीर्घकालीन व्यवस्थापन गर्ने भन्दै केन्द्र सरकाले दुई वर्ष अघिदेखि धादिङ र नुवाकोट जिल्लाको सिमाना बन्चरेडाँडामा फोहर विसर्जनस्थल निर्माण कार्य गरिरहेको छ।

अहिले निर्माण कार्यअन्तर्गत पहिलो चरणको काम अन्तिम अवस्थामा पुगेको छ । अबको १० दिनपछि उक्त स्थानमा फोहर राख्न सकिने छ । हाल फोहर व्यवस्थापन गरिरहेको स्थान स्यानिटरी ल्याण्डफिल साइट सिसडोलबाट बन्चरेडाँडामा जानका लागि बाटोको समस्या हुँदा तत्काल उक्त स्थानमा फोहर राख्न नसकिने शहरी विकास तथा भवन निर्माण विभागले जानकारी गराएको छ।

विभागका उपमहानिर्देशक कुमार घिमिरेका अनुसार उपत्यकाबाट फोहर बोकेर गाडीले सिसडोल पार नगरी दीर्घकालीन फोहर व्यवस्थापनस्थलसम्म पुग्नका लागि वैकल्पिक बाटो छैन । अहिले सिसडोलमा अत्यधिक फोहरको थुप्रो छ, उक्त थुप्रो लोड भएको गाडीले पार गर्दा जतिबेला पनि पहिरो जाने वा भासिने डरका कारण तत्कालै बन्चरेडाँडामा फोहर व्यवस्थापन गर्न कठिन भएको हो ।

अन्यत्र बाटो खोज्ने र तत्काल दीर्घकालीनरूपमा फोहर व्यवस्थापनस्थलसम्म कसरी जान सकिन्छ भनी सम्बद्ध निकायसँग छलफल भइरहेको पनि विभागले जानकरी दिएको छ । सिसडोलदेखि दीर्घकालीन फोहर निर्माणाधीन व्यवस्थापनस्थलसम्म जाने करिब दुई किलोमिटर सडक भने यसअघिनै निर्माण सम्पन्न भइसकेको छ। सेल वान र सेल टु गरी दुई भागमा विभाजन गरी निर्माणको काम भइरहेको छ । सेल वान निर्माण सम्पन्न अन्तिम चरणमा रहेकाले बाटोको व्यवस्था भए तत्कालै फोहर व्यवस्थापन गर्न सकिने छ। उक्त स्थानमा करिब १५ मिटर अग्लो बाँध र अन्य पूर्वाधारसहितको फोहर विसर्जनस्थल निर्माण भइरहेको छ ।

बन्चरेडाँडामा स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्न विसं २०७६ वैशाख २२ गते एक वर्षभित्र काम सम्पन्न गर्ने गरी लुम्बिनी कोशी एण्ड न्यौपाने जेभी (उपक्रम) सँग ठेक्का सम्झौता गरिएको थियो । शुरुमा सम्झौता गरिएको समयसीमा सकिई २०७७ वैशाखमा पुनः एक वर्षका लागि समय थपिएको थियो । निर्माणका लागि रु ३४ करोड ६८ लाख ७४ हजार ८९५ मा सम्झौता भएको थियो ।

# एयरपोर्ट गोल्डेन गेटमा नयाँ ट्राफिक लाइट जडान



काठमाडौं/मस- महानगरीय ट्राफिक प्रहरी महाशाखाको समन्वय एव पहलमा एयरपोर्टस्थित गोल्डेन गेटमा नयाँ ट्राफिक लाइटजडान गरी आजदेखि सञ्चालनमा आएको छ । ट्राफिक महाशाखाले यति र तारा एयरलाइन्स प्राणलीसँग सहकार्य गरी नयाँ जडान गरिएको ट्राफिक लाइटको बिहीबार नै एक कार्यक्रमका वीच महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराई र यति एयरलाइन्सका सिइओ अनोज रिमालले संयुक्त रूपमा उद्धाटन गरेका हुन् ।

बिहीबार जडान गरिएको नयाँ बत्ती एक कार्यक्रमबीच महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराई र यति एयरलाइन्सका सिइओ अनोज रिमालले संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।

प्रविधिमार्फत सडक व्यवस्थापन गर्दा आम सडक प्रयोगकर्ताहरुको आवागमन सहज हुनुका साथै सडक अनुशासन र सडक सभ्यता झल्किने हुनाले यसलाई प्राथमिकता दिएको बताए । प्रविधिमार्फत सडक व्यवस्थापन गर्दा आम सडक प्रयोगकर्ताहरूको आवागमन सहज हुनुका साथै सडकमा अनुशासन र सडक सभ्यता झल्किने हुनाले यसलाई प्राथमिकता दिएको उनको भनाइ छ । पछिल्लो समय प्रबिधिलाई जोड दिँदै ट्राफिक लाईट जडान कार्यमा महाशाखालेखेलेको महत्वपूर्ण भुमिकाको प्रशंसा गरे। उद्घाटन कार्यक्रममा महाशाखा प्रमुख, एयरलाइन्सका पदाधिकारी, स्थानियनिकायका सदस्यर अन्य प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो । भट्टराईले भने, 'हामी ट्राफिक व्यवस्थापनलाई प्रविधितर्फ लैजान प्रयासरत छौं, सम्बन्धित सरोकारवाला निकाय बाहेक विभिन्न संघसंस्था, बैंक वित्तीय कार्यलयहरूसँग निरन्तर समन्वय सहकार्य गर्दै आइरहेका छौं ।'

कार्यक्रममा बोल्दै एयरलाइन्सका तर्फबाट प्रशासन निर्देशक अञ्जन बडगामीले सामाजिक उत्तरदायित्व बहन गर्दै आम सडक प्रयोगकर्तालाई प्रत्यक्ष लाभ हुने र दैनिक सडक प्रयोगमा हुने समस्यालाई ट्राफिक लाइटले सहयोगी भूमिका खेल्ने बताए ।

## बैतडी डायरी

गोमती पाल/मध्यान्ह

# कृष्णपुरका अधिकांश वडा कार्यालय नयाँ भवनबाट



कन्चनपुरको कृष्णपुर नगरपालिकामा स्थानीय तह निर्वाचनपछि अधिकांश वडाले नयाँ भवनबाट दैनिक कामकाज सञ्चालन गर्न थालेका छन् ।

कृष्णपुरका ९ वडामा ६ वडाको नयाँ भवनबाट कामकाज सञ्चालन गरिएको छ । चालु आर्थिक वर्षमा वडा नं. ६, ८ र ९ मा नयाँ भवन निर्माण गरी वडा कार्यालयका कामकाज सञ्चालन गर्ने लक्ष्य लिइएको छ । वडा कार्यालयका काकामकाज व्यवस्थित गरी स्थानीयलाई सहज रुपमा सेवा प्रवाह गर्न वडा कार्यालयको नयाँ भवन सञ्चालन गरिएका छन् । यस अघि तत्कालिन कृष्णपुर गा.वि.स.का पुराना भवन तथा भाडाका घरमा वडा कार्यालय सञ्चालन गरिएको थिए । कृष्णपुर नगरपालिकाका नगर प्रमुख कर्णबहादुर हमालले वडा कार्यालयको आफ्नै भवन भएपछि स्थानीयलाई छिटो छरितो र सहज रुपमा सेवा पाउन सहज हुने बताए ।

सिंहदरबारको अधिकार गाउँसम्म पुगाउने भनिएको छ । त्यसै अनुसार वडा कार्यालय भवन निर्माणलाई प्राथमिकता दिइएको छ' नगर प्रमुख हमालले भने, 'अब जनताले चुस्तदुरुस्त तबरले सहज रुपमा सेवा पाउने कुरामा दुई मत छैन ।' उनले नयाँ भवनहरु सबै सेवा एकीकृत रुपमा उपलब्ध हुने गरी सञ्चालन गरिएको बताए ।

वडा नं. २ मा नगरको गौरवको योजनाका रुपमा नगर उद्यान पार्क निर्माण अघि सारिएको मेयर हमालले बताए । मेयर हमालले रिबन काटेर वडा कार्यालय भवन उद्घाटन गरेका थिए । कृष्णपुर नगरपालिकाकाकी उपमेयर रमिता रानाले अन्य वडा कार्यालय भवन पनि समयमै निर्माण भएर सञ्चानलमा आउने बताइन् । 'हामी जनताको प्रतिनिधि हौ, जनता बिना हामीहरुको कुनै अर्थ छैन, त्यसकारण जनताको माग आकाँक्षा अनुसार अघि बढ्छौ' उनले भनिन् ।

कृष्णपुर नगरपालिका-२ का वडाध्यक्ष जयनारायण जोशीले दृढ इच्छा शक्तिका साथ अघि बढे कुनै पनि काम गर्दा अप्ठ्यारो नपर्ने बताए । वडाध्यक्ष जोशीको अध्यक्षतामा गरिएको कार्यक्रममा मेयर हमाल सहित उप मेयर राना, एमाले जिल्ला कमिटी सदस्य लोकेन्द्र पन्त, नेकपा माओवादी केन्द्रका अर्जुन साउँद लगायत जनप्रतिनधि स्थानीय सहभागी भएका छन् । रेश्मी विल्डर्स निर्माण कम्पनिले ठेक्का पाएको भवन निर्माणमा एक करोड १२ लाख ३७ हजार लागत लागेको बताइएको छ ।

# बैतडीको मेलौलीमा युवकमाथि निर्घात कुटपिट, अवस्था गम्भीर

बैतडीको मेलौली नगरपालिका- ७ तोल्याका एक युवक सामूहिक कुटपिटबाट गम्भीर घाइते भएका छन् । तोल्यनका १८ वर्षीय सुरज चन्दलाई छिमेकी गाउँका वासिन्दाले मरणासन्त हुने गरी कुटपिट गरेका हुन् ।

छिमेकी गाउँकोट गाउँका गाउँलेहरु मिलेर सुरजलाई कुटपिट गरेको घाइते चन्दका काका केशव चन्दले बताए । सोमबार साझतिर सुरज र गाउँकोटका स्थानिय विच विवाद भएको थियो ।

विवाद भएपछि गाउँकोटका स्थानिय मिलेर कुटेको चन्दले बताए । स्थानीय केशरपुर स्वास्थ्य केन्द्रमा उपचार हुन नसकी सुरजलाई धनगढी रेफर गरिएको छ । अहिले सुरजको माया मेट्रोमा उपचार भइरहेको छ ।

इलाका प्रहरी कार्यालय तस्वदेहीमा पीडित सुरजका आफन्तले स्थानीय अंगत चन्द, पुस्कर चन्द, गुन्डी चन्द, जनक चन्द, सुरेन्द्र चन्द, किरन चन्द र निर्मला चन्दको नाममा कुटपिट गरेकाले कारवाईको लागि उजुरी दिएका छन् ।

निवेदन आएपछि दुबै पक्षलाई बोलाइको र छलफल गराएको इलका प्रहरी तस्व देहिका इन्चार्ज जनक सिह धामीले बताए । उनले भने 'दुबै पक्षले अहिले उपचार गर्छौं भनी घाउ माग फाराम भराएर उपचारको लागि अस्पताल गएका छन' । कुटने पक्षले पनि सुरजले आफूहरुमाथि हातपात गरेको बताए ।


धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
१ नं. प्रदेश, नेपाल

एम्बुलेन्स खरिद गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०४/०८

यस धनपालथान गाउँपालिकाको आ.व. २०७८/०७९ मा देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ खण्ड (क ८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) मा व्यवस्था भए अनुसार त्यस्तो सवारी साधन उत्पादन कम्पनी वा सो को आधिकारिक बिक्रेता बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) बिधिबाट खरिद गर्नुपर्ने भएकाले ईच्छुक ईजाजत प्राप्त उत्पादन, कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र आधिकारीकताको प्रमाणपत्र (Letter Of Authorization) र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु समावेश गरी सार्वजनिक खरिद नियामवली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन (एम्बुलेन्स) उत्पादनको आधिकारीकता स्पेसिफिकेसन, गुणस्तर, कम्पनीको आधिकारीक मूल्य खुल्ने कागजात र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको **मितिले १५ (पन्ध्र) औं दिनको १२:०० बजे** सम्ममा यस कार्यालयमा आफ्नो प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादन वा आधिकारीक बिक्रेतालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण

| क्र.सं. | सावरी साधन (एम्बुलेन्स) | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | **4WD Ambulance** (Turbocharged Intercooled diesel Engine Min. 2000CC, developing Maximum rated power output min. 60 HP at governed RMP with torque min. 190 NM @ governed RPM ) | स्विकृत स्पेसिफिकेसन | १(एक) | स्विकृत स्पेसिफिकेसन यस कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ । |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# बरालिएको बाटो

नेपाली राजनीतिका दुई शिखर पुरूषको स्मृति दिवस संयोगले एकदिनको फरकमा छ । विश्वेश्वरप्रसाद (बीपी) कोइरालाको ३९औं र पुष्पलालको ४३औं स्मृति दिवस क्रमशः बुधबार र बिहीबार मनाइएको छ । मुलुकको राजनीतिको प्रमुख दलहरू नेपाली काँग्रेसले बीपी र कम्युनिष्ट पार्टीहरूले पुष्पलालको स्मृति दिवस वर्षेनि ६ र ७ असारमा मनाउने गर्छन् । यसपटक पनि प्रजातान्त्रिक विचारधाराका शक्ति (नेपाली काँग्रेस) ले बुधबार बीपीको सम्झनामा विभिन्न माध्यमबाट कार्यक्रम आयोजना गर्‍यो । यसको भोलिपल्ट अर्थात् बिहीबार कम्युनिष्ट पार्टीहरूले पुष्पलालको सम्झनामा विभिन्न कार्यक्रम गरेका छन् । फेरि यस्ता दुई शिखर पुरूष हुन्, जसको नाम र सम्झना गर्दा इतर विचार धाराका नेताहरूले समेत आफूलाई योग्य सम्झन्छन् । विवादित हुने वा लघुताभास गर्नुपर्ने अवस्था छैन ।

बीपी नेपाली काँग्रेसका संस्थापक नेता हुन् । उनको दल काँग्रेसले राणा, पञ्चायत र राजा विरूद्ध लडेको छ– जनताको अधिकारका निम्ति (प्रजातन्त्रका निम्ति) अनि अर्का नेता पुष्पकमल नेपाल कम्युनिष्ट पार्टीका संस्थापक हुन् । कम्युनिष्ट पार्टीले पनि काँग्रेसले जस्तै निरंकुशता विरूद्ध लडेको छ । कम्युनिष्टहरूले आफूलाई जनवाद, जनजिविका र राष्ट्रियताको पहरेदार मान्छन् । अर्को संयोग– नेपालमा काँग्रेस र कम्युनिष्टले लगभग मिल्दो बाटो मार्फत् राजनीतिक विद्रोह गरेका छन् । दुवैले सशस्त्र आन्दोलन गरेको छ र शान्तिपूर्ण पनि । दुवै शक्ति संसदीय अभ्यास मानेका छन् । एक अर्थमा दुवै बीपी र पुष्पपालका अनुयायी वा उनीहरूले निर्माण गरेको दलहरूको सहकार्यले नै मुलुकमा पटकपटक व्यवस्था परिवर्तनको आन्दोलन सफल भएको छ ।

तर त्यसैले यी दुई व्यक्तिको कद उचो छ र एकप्रकारले सहकार्यात्मक पनि । अहिले मुलुकको नेतृत्व पनि यिनै दुई व्यक्तिको सोंचमा आधारित शक्तिहरूबाट भइरहेको छ । तेस्रो धारको उपस्थिति नेपालमा बलियो छैन । विडम्बना ! कम्युनिष्ट र काँग्रेसको अकर्मण्यताकै कारण मुलुकले प्रताडना पनि खेप्नु परेको छ । जस्तो– अहिले मुलुक राजनीतिक संकटबाट गुज्रिएको छ । यसमा अहिलेका राजनीतिक दलका नेतृत्व नै दोषी छन् । यदि मुलुक सही मार्गमा हिडेको थियो भने पाँच वर्षका लागि जनादेश प्राप्त वाम शक्ति बाहिरिएर काँग्रेस नेतृत्वमा सरकार बन्ने अवस्था हुने थिएन । केपी शर्मा ओली बाहिरिएर बीचैमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुको अर्थ फेरि पनि जनादेश र लोकतन्त्र कमजोर बन्न पुगेको छ । अतः मुलुकलाई सही बाटोमा हिडाउन सक्दा मात्रै मुलुक बीपी र पुष्पलालको सच्चा सम्मान हुनेछ ।

## सामाजिक सञ्जाल



आर्थिक रूपमा सम्पन्न केही अमुक व्यक्तिहरको सम्पुर्ण उपचार खर्च राज्यले व्यहोर्ने परिपाटी नितान्त गलत हो । यसमा कसको पो दुईमत होला र ? तर, हामीले जति नै भर्त्सना गरेपनि खै सुनुवाइ भाको ? युवा नेता भनाउँदाहरू त अरूको बिरोध गर्ने मात्रै हुन आफ्नो नेतृत्व सामु चु गर्ने समेत हिम्मत राख्दैनन् !

**- शैलेन्द्र थापा**



